# देशको आर्थिक स्थिति तथा
# सरकारको नीतिगत अवधारणा सम्बन्धी
# श्वेतपत्र


भरतमोहन अधिकारी
उपप्रधानमन्त्री तथा अर्थमन्त्री
नेपाल सरकार



अर्थ मन्त्रालय
चैत २९, २०६७
**Website: http//www.mof.gov.np**

# देशको आर्थिक स्थिति तथा सरकारको नीतिगत अवधारणा सम्बन्धी श्वेतपत्र

## (क) पृष्ठभूमि

१. नेपालको अन्तरिम संविधान, २०६३ ले देशमा उपलब्ध आर्थिक स्रोत र साधनलाई सीमित व्यक्तिहरुमा केन्द्रीत हुन नदिई सामाजिक न्यायको आधारमा आर्थिक उपलब्धिको न्यायोचित वितरणको व्यवस्था मिलाई कुनै पनि जाति, लिङ्ग, वर्ग, उत्पत्ति वा व्यक्ति उपर आर्थिक शोषण हुन नपाउने व्यवस्था गरी आर्थिक असमानता हटाउदैं स्वदेशी निजी एवं सार्वजनिक उद्यमलाई प्राथमिकता र प्रश्रय दिई राष्ट्रिय अर्थतन्त्रलाई स्वतन्त्र, आत्मनिर्भर एवं उन्नतिशील गराउनु राज्यको मूलभूत आर्थिक उद्देश्य निर्धारण गरेको छ ।

२. संविधानको भावना र मर्म अनुरुप सामन्तवादका सबै रुपहरुको अन्त्य गर्न आर्थिक–सामाजिक रुपान्तरणको न्यूनतम साझा कार्यक्रम तय गरी लागू गर्दै जाने र सामन्ती भू–स्वामित्वको अन्त्य गर्दै बैज्ञानिक भूमिसुधार कार्यक्रम लागू गर्ने राज्यको दायित्व किटान गरिएको छ ।

३. महिला, दलित, आदिवासी जनजाति, मधेशी, मुस्लिम लगायत अल्पसंख्यक, भूमिहीन, सुकुम्वासी, कमैया, अपाङ्ग, पिछडिएका क्षेत्र तथा समुदाय र द्वन्द्व पीडितकालागि सकारात्मक विभेदका आधारमा विशेष व्यवस्था गर्ने नीति अवलम्बन गर्ने उल्लेख गरिएको छ ।

४. त्यसैगरी, देशको प्राकृतिक स्रोत तथा सम्पदाको परिचालन गर्दा स्थानीय समुदायलाई प्राथमिकता दिने, राज्यले किसानलाई प्रोत्साहन गरी कृषिक्षेत्रको उत्पादकत्व बढाई कृषिमा आधारित अधिकांश जनताको आर्थिक उन्नति हुने अवस्थाको सृजना गर्ने, एकल महिला, अनाथ, बालबालिका, असहाय, बृद्ध, अपाङ्ग, अशक्त र लोपोन्मुख जातिको संरक्षण र उन्नतिकालागि सामाजिक सुरक्षाको विशेष व्यवस्था गर्ने, किसान मजदुर हलिया लगायत श्रममा आश्रित वर्गको विकासको लागि प्राविधिक शिक्षा, तालीम, प्रशिक्षणको आवश्यक पूर्वाधारको व्यवस्था गरी उनीहरुलाई राज्यको विकास प्रक्रियामा सहभागी गराउने नीति राज्यले अवलम्बन गर्ने उल्लेख छ ।

५. नेपाल आर्थिक विकासमा पछि पर्नुको कारण विद्यमान आर्थिक तथा सामाजिक संरचना हो । एकातिर उत्पादन र उत्पादकत्व न्यून छ भने अर्कोतिर असमान वितरण प्रणालीको कारण धनी र गरिब बीचको खाडल विकराल बन्दै गएको छ । तसर्थ अहिलेको गरिबी र असमानता घटाउन उत्पादन बढाउने र त्यसमा गरिब जनताको पहुँच सुनिश्चित गर्ने गरी सरकारका नीति तथा कार्यक्रमहरु तर्जुमा गरी कार्यान्वयन गर्नु जरुरी छ ।

६. एकिकृत नेपाल कम्युनिष्ट पार्टी (माओवादी) र नेपाल कम्युनिष्ट पार्टी एकिकृत मार्क्सवादी लेनिनवादी (एमाले) सम्मिलित वर्तमान संयुक्त सरकार मुलुकमा विद्यमान सामन्तबादका सबै रुपहरुको अन्त्य गरी सरकारी, सहकारी र निजी क्षेत्रको माध्यमबाट समुन्नत, समृद्ध, आधुनिक, न्यायपूर्ण र समावेशी नयाँ नेपाल निर्माण गर्ने अभियानमा जुटेको छ । वर्तमान सरकार गठन भएपछि जनताको उर्लदो आशा र अपेक्षा तथा राजनैतिक दलहरुले जनता माझ ब्यक्त गरेका प्रतिवद्धता अनुरुपका कार्यक्रमहरु तीव्रताका साथ अगाडि बढाउनु पर्छ भन्ने मान्यतामा सरकार दृढ छ ।

७. यी उद्देश्य प्राप्तिकालागि देशको वर्तमान आर्थिक अवस्थाको विश्लेषण गरी नेपाल सरकारले देहाय बमोजिमको आर्थिक सोंच, नीति तथा कार्यनीति अघि सारेको छ । यसकै आधारमा नेपाल सरकारले विभिन्न कार्यक्रमहरु तर्जुमा गरी प्रचलित ऐन, कानून र प्रक्रियाद्वारा सम्बन्धित मन्त्रालय मार्फत यथाशीघ्र कार्यान्वयन गर्ने छ ।

## (ख) अर्थतन्त्रको वर्तमान अवस्था

१. विकासको दृष्टिमा नेपाल विश्वको अतिकम विकसित मुलुकको सूचीमा पनि पुच्छारतिर पर्दछ । अन्तर्राष्ट्रिय तुलनामा नेपालको स्थान अझ ओरालो लाग्ने क्रममा छ । उत्पादन र बृद्धिदर न्यून छ र भएको उत्पादनको वितरण पनि असमान छ । यस क्रमसंगै हुने र नहुने बीचको खाडल झन झन फराकिलो हुँदैछ । भइरहेको न्यून बृद्धिदर र अल्प लगानीले रोजगारी सिर्जना गर्न सकिरहेको अवस्था छैन । अदक्ष जनशक्ति मलेशिया, भारत र खाडीका मुलुकमा दुःख कष्ट भोगिरहेका छन् भने शिक्षित र दक्ष श्रमशक्ति अवसरको खोजीमा युरोप, अमेरिका, अष्ट्रेलिया गैरहेका छन । गाउँ र शहर, पहाड र मधेश, पूर्व

र पश्चिम, पुरुष र महिला, छुत र अछुत बीचको विभेद र बञ्चितीकरणबाट नेपाली समाज मुक्त हुन सकेको छैन ।

२. चालू आर्थिक वर्षमा ४.५ प्रतिशतले आर्थिक वृद्धि दर हासिल गर्ने लक्ष्य राखिएकोमा हालै केन्द्रीय तथ्याङ्क विभागबाट गरिएको अनुमान अनुसार सो वृद्धि दर ३.५ प्रतिशतमा मात्रै सिमित रहने देखिएको छ । त्यस्तै, मुद्रास्फिति दर ७ प्रतिशतमा राख्ने लक्ष्य रहेको मा औसतमा १० प्रतिशतको हाराहारीमा रहेको छ । यसरी एकातर्फ लक्षित आर्थिक वृद्धिदर हासिल हुन नसक्नु र मूल्य वृद्धिदर उच्च रहने स्थिति देखिएको छ भने अर्कोतर्फ लगानीको अत्याधिक हिस्सा अनुत्पादक क्षेत्रतर्फ प्रवाहित हुने, कृषिको उत्पादन र उत्पादकत्वमा बृद्धि हुन नसक्ने, औद्योगिकरणको प्रक्रिया ह्रासोन्मुख हुने, पूँजी निर्माण शिथिल हुने, वित्तीय क्षेत्रमा बेलावखत तरलताको अभाव देखा परिरहने लगायतका समस्याले अर्थतन्त्र ग्रस्त छ । निर्यातमा ह्रास लगायतका कारणले आयात नकरात्मक हुँदा पनि चालु र पूँजि खाता घाटा कायमै छ र अर्थतन्त्रमा परनिर्भरता ज्यादै बढेको स्थिति छ । गुणस्तरीय शिक्षा र स्वास्थ्य सेवामा गरिब बर्गको पहुँच पुग्न सकेको छैन् । खाद्य सुरक्षाको अवस्था चिन्ताजनक हुँदै गई आम जनताको जीवनयापन कठिन बनेर गएको छ । जमीन तथा अन्य उत्पादनका साधन र स्रोतमा आम जनता विमुख हुने प्रक्रिया बढेको छ । त्यस्तै आधारभूत बस्तु र सेवाहरूमा जनताको पहुँच पुग्न नसकी सर्वसाधारण जनता आक्रान्त बनेको स्थिति छ । द्वन्द पीडित, सहिद र बेपत्ताका परिवारहरूको जीवनयापन समस्या ज्यादै नाजुक बनेर गएको छ ।

३. उर्बर भूमि भएपनि सामन्ती उत्पादन सम्बन्ध, राज्यको उदाशिनता, सिंचाई, मल, विउ, कर्जा, उर्जा र बजारको अभावले गर्दा कृषि क्षेत्र उक्सन सकेको छैन । छिमेकी मुलुक भारत र चीनले हरित क्रान्ति सम्पन्न गरिसकेर पनि कृषि क्षेत्रमा मनग्गे अनुदान र संरक्षण पुऱ्याइरहेको परिप्रेक्षमा हामीले समयमै मल, विउ समेत उपलब्ध गराउन सकेका छैनौं । कृषिको तुलनात्मक प्रतिस्पर्धात्मक क्षमता झनझन कमजोर बन्दै गएको छ ।

४. तिक्त हुँदै गएको औद्योगिक श्रम सम्बन्ध, उर्जा संकट, श्रमिकको अभाव, बन्द–हडताल जस्ता अवरोध, संगठित मिलोमतो, कर्जाको अभाव र उच्च ब्याजदरले उद्योग व्यवसाय आक्रान्त छ । कपडा, गलैंचा, जुट जस्ता परम्परागत उद्योग संकटग्रस्त छन् । आर्थिक वर्ष २०४१।४२ को कुल गार्हस्थ्य उत्पादनमा ८.७ प्रतिशत र २०५४।५५ मा ९.४ प्रतिशत अंश रहेको उत्पादन उद्योगको अंश क्रमशः घटदै आएर यस आर्थिक वर्षमा ६.१ प्रतिशतमा घटने अनुमान छ । आर्थिक वर्ष २०६३।६४ मा २०.१ प्रतिशतसम्म पुगेको स्थीर पूँजी निर्माण अनुपात त्यसपछिका वर्षहरुमा क्रमशः ओरालो लागेर चालु वर्षमा १६.२ प्रतिशतमा झर्ने अनुमान रहेको छ । पूँजी निर्माण अनुपातको यति ठूलो ह्रासमा निजी क्षेत्रको निर्णायक भूमिका छ । यो भनेको नेपालको विग्रदो लगानी वातावरणको स्पष्ट द्योतक हो । एकातर्फ लगानीको यस्तो दयनीय अवस्था छ भने अर्कोतर्फ पछिल्ला वर्षहरुमा ग्राहस्थ्य बचतको दर घटदो क्रममा छ । खुम्चदो लगानी र झांगिदो उपभोगले आगामी दिनहरुमा नेपाली अर्थतन्त्रले भोग्नुपर्ने ठूलो अनिष्टको संकेत गर्दछ ।

५. आर्थिक वर्ष २०६५।६६ को अन्त्यदेखि नेपाली उपभोक्ताले चरम महंगी ब्यहोर्दै आएका छन् । महंगीको मुल स्रोत खाद्य बस्तु भएकोले गरीब, बेरोजगार, पेन्सन आश्रित र तलब बाहक कर्मचारी बढि प्रताडित छन् । महंगीको फाइदा खाद्य उत्पादक नेपाली किसानले पाएको भए राम्रै हुन्थ्यो । खाद्यान्न आयात बढ्दै गएको परिप्रेक्षमा महंगीको फाइदा विदेशी एवं उत्पादक र उपभोक्ता बीचमा अनुत्पादक विचौलिया र काला बजारीयाहरुले पाइरहेकाछन् । राजनैतिक अस्थिरता एवं अनिश्चितताले पनि कृत्रिम महंगी रोक्ने कार्य निश्प्रभावी बनाएको छ ।

६. नेपालको आर्थिक परनिर्भरता क्रमशः बढदै गएको छ । परनिर्भरताका द्योतक मुलतः ब्यापार घाटा, विदेशी श्रम बजार र बैदेशिक सहयोग हुन । आर्थिक वर्ष २०५७।५८ मा बस्तु तथा सेवा बापतको खुद घाटा कूल गार्हस्थ्य उत्पादनको १०.७ प्रतिशत रहेकोमा २०६७।६८ मा यस्तो घाटा अनुपात झण्डै अढाई गुणा बढेर २६.४ प्रतिशत पुगेको छ । सेवा ब्यापार २०६१।६२ सम्म बचतमा रहेकोमा २०६२।६३ देखि

निरन्तर घाटामा रहदै आएको छ । सडक विस्तार, उर्जामा प्रयोग र सवारीसाधनको बढ्दो घनत्वले गर्दा पेट्रोलियमको आयात बढेको बढ्यै छ । कुल आयातमा पेट्रोलियमको अंश २०५८।५९ को १२.९ प्रतिशतबाट बढेर अहिले १७ प्रतिशत पुगेको छ । आर्थिक वर्ष २०५८।५९ मा कुल निर्यात आर्जनको २९.६ प्रतिशत पेट्रोल आयातमा खर्च भएकोमा २०६५।६६ मा ६१ प्रतिशत र चालु वर्षको माघसम्ममा ९८ प्रतिशत पुगेको छ । यही प्रबृत्ति कायम रहने हो भने निकट भविष्यमै कुल निर्यात आर्जनले पेट्रोलियम मात्रको आयात पनि नथेग्ने अवस्था आउनेछ ।

७. परनिर्भरताको अर्को पक्ष विदेशी श्रम बजार माथिको बढ्दो निर्भरता हो । हालैको पश्चिम एशियाको घटनाले यो संकेत देखाईसकेको छ । विप्रेषण आर्जन कुल गार्हस्थ्य उत्पादनको झण्डै एक चौथाई पुगेको छ भने कुल आयातको झण्डै दुई तिहाई रहेको छ ।

८. आर्थिक वर्ष २०५८।५९ मा विप्रेषण कुल निर्यात भन्दा १.३ प्रतिशत मात्र बढि रहेकोमा २०६५।६६ मा ३.१ गुणा बढी र २०६७।६८ को माघसम्ममा ३.७ गुणा बढी रहेको छ । खाडीका मुलुकमा गृह युद्ध लम्बेमा वा भर्खरै जापानले जस्तो प्राकृतिक विपत्तिको चपेटामा परी विप्रेषणको मुहान सुकेमा नेपाली अर्थतन्त्र अकल्पनीय दुर्घटनामा पर्नेछ । यसो भएमा हाम्रो आयात क्षमता त सुक्छ नै, नेपालको बैंक तथा वित्तीय प्रणाली पनि धरापमा पर्नेछ । राजस्वको आधार पनि गुम्नेछ ।

९. विगत कैयौ वर्षदेखि थपिंदै गएको लोडसेडिङ्गले एकातिर आर्थिक संकुचनलाई चर्काएको छ भने अर्कोतर्फ शोधनान्तरमा पनि चाप सिर्जना गरेको छ । नेपाली अर्थतन्त्रको प्रतिस्पर्धात्मक क्षमतामा यसले चुनौती थपेको छ, विदेशी मात्र नभै स्वदेशी लगानीलाई समेत विकर्षण गरेको छ । आर्थिक वर्ष २०६५।६६ देखि नेपाली अर्थतन्त्रले भोग्दै आएको तरलता समस्याले अझै दीगो निकाश नपाएकोले कोषको लागत (Cost of Fund) बढाएको छ भने यसबाट उत्पादन लागत बढ्न गई प्रतिस्पर्धात्मक क्षमतालाई थप क्षीण बनाएको छ ।

१०. नेपालीलाई कामको खोजीमा विदेशिन र स्वदेशमै रहने युवाशक्तिलाई सहरमा सर्न विवश बनाएको छ । गाउँ अशक्त, बृद्ध, महिला र

बालबच्चाको आश्रयस्थल बनेको छ । विगत एक दशक यता जस्तो व्यापक बसाई सराई नेपालको इतिहासमा कहिल्यै भएको थिएन होला । यसबाट एकातिर ग्रामीण समाज श्रमशक्ति विहीन भएको छ भने सहरी समाज पानी, विद्युत, ढल, सडक जस्ता पूर्वाधार माथि अत्यधिक चाप ब्यहोर्न विवस छ । यतिमात्र हैन शहर बजार खासगरी काठमाडौं उपत्यकामा रोजगारीको खोजीमा बेरोजगार युवाहरु थपिनेक्रम बढिरहेको छ ।

**(ग) सम्भावना**

१. आर्थिक विकासको प्रचूर सम्भावना हुँदाहुँदै पनि नेपालको आर्थिक विकासले बान्छित गति लिन नसक्नु दूर्भाग्य हो । उपलब्ध स्रोत र साधनको कूशल ब्यवस्थापन र उपयोग गर्नसकेमा दुई अंकको आर्थिक बृद्धि सहज ढंगमा हासिल गर्न सकिने देखिन्छ ।

२. हामीसँग प्रशस्त उर्वरा भूमि छ । आधुनिक प्रविधि, उन्नत बीउ, मलखाद र सिंचाई एवं परिश्रमी पाखुरालाई भूमि उपलब्ध गराउन सकिएमा कृषिको उत्पादकत्व झण्डै दोब्बर गर्न सकिन्छ ।

३. जनसंख्याको बनौट हेर्दा आर्थिक रुपमा क्रियाशील कर्मठ यूवा जनशक्तिको बाहुल्यता छ । यो जनसांख्यीक लाभांशलाई हामीले उपयोग गर्न सक्नु पर्दछ । सीप, क्षमता र उद्यमशीलता विकास तथा पूँजीमा पहुँच र बजार विस्तार गर्न सकेमा युवा जनशक्तिको स्वरोजगार तथा उत्पादनशीलता अभिबृद्धि गर्न सक्ने सम्भावना अत्यधिक छ ।

४. पूँजी र प्रविधि जुटाएर अपार जलस्रोतबाट विद्युत उत्पादन गरी पेट्रोलियम पदार्थको आयात प्रतिस्थापन, उद्योग धन्धाको विस्तारका साथै विद्युत निर्यात गर्न सकिन्छ । यो क्षेत्रले आर्थिक बृद्धि र भुक्तानी सन्तुलनमा ठूलो योगदान पुऱ्याउन सक्छ ।

५. नेपालमा हाल भएको बन सम्पदालाई हरित उद्यमशीलतामा परिणत गर्न सकेमा देशको विकासमा ठूलो टेवा पुग्न जान्छ । त्यसैगरी खनिज पदार्थको अनुसन्धान र उत्खनन् गर्नसके त्यसको उपयोगको सम्भावना पनि त्यत्तिकै प्रवल छ ।

६. प्राकृतिक शौन्दर्य, पुरातात्विक, धार्मिक, कला र सांस्कृतिक हिसावले नेपाल अत्यन्त धनी छ । यहाँको अनुपम जलवायु, भूगोल र मौसमी विविधताले सबैको मन लोम्याउँछ । यसबाट विश्वका पर्यटककालागि नेपाल महत्वपूर्ण गन्तब्य स्थलको रुपमा चिनिएको छ ।

७. नेपाल विश्वका दुई उदीयमान विशाल अर्थतन्त्रको माझमा रहेको छ । छिमेकी देशहरुमा भैरहेको तीव्र आर्थिक विकास र फैलिदै गएको बजारबाट हामीले धेरै फाईदा लिन सक्छौं । त्यसैगरी विश्व अर्थतन्त्रसँग नेपाल क्रमशः जोडिँदै जान लागेकोले त्यसको फाइदा लिन सकिन्छ ।

८. नेपाल प्रति विश्व समुदायको सहयोग र सद्भाव अत्यन्त सकारात्मक छ । द्विपक्षीय र बहुपक्षीय सहयोग राशी दिन प्रतिदिन बढ्दै गएको छ । तर हामीले प्रतिवद्ध सहायताको आधा मात्र पनि उपयोग गर्न सकेका छैनौं । त्यसैले ग्रहणशीलता र खर्च गर्नसक्ने क्षमता बढाएर नेपालको आर्थिक तथा सामाजिक क्षेत्रमा बैदेशिक सहायतालाई भरपुर उपयोग गर्न सकिन्छ ।

९. द्वन्द्व, राजनीतिक अस्थिरता, उर्जा संकट, मौलाउँदै गएको दण्डहीनताको संस्कृतिका बीचमा पनि नेपाली अर्थतन्त्र ठूलो नकारात्मक प्रभाव पर्नवाट जोगिएको छ । राजस्व संकलन उत्साहजनक ढंगमा बृद्धि भइरहेको छ । अहिले देखिएका समस्यालाई निराकरण गरी आन्तरिक स्रोत परिचालन गर्दा अझ धेरै गर्न सकिने सम्भावना प्रकट हुनेछ ।

१०. नेपालको अर्थतन्त्रमा विप्रेषण आयको ठूलो महत्व छ । कूल गार्हस्थ्य उत्पादनमा यो क्षेत्रको योगदान बढ्दै गएको छ । तर प्राप्त विप्रेषण आय अधिकांश उपभोग र घरजग्गामा खर्च भई उत्पादनशील क्षेत्रमा उपयोग हुन सकेको छैन । त्यसैले विप्रेषणलाई उत्पादन, रोजगारी र आयबृद्धि गर्ने उत्पादनमूलक उद्योग तथा जलविद्युत र पूर्वाधार निर्माणमा उपयोग गर्न सकिएमा यसबाट थप योगदान हासिल गर्न सकिने अवस्था छ ।

## (घ) वर्तमान सरकारको आर्थिक सोंच तथा नीति

उपरोक्त चुनौती र सम्भावनाको आधारमा वर्तमान सरकारको आर्थिक सोंच तथा नीति र कार्यनीति निम्न बमोजिम निर्धारण गरिएको छ ।

### (अ) वर्तमान सरकारको आर्थिक सोंच एवं मान्यता

१. उत्पादन, रोजगारी, आयात प्रतिस्थापन र पर्यावरण संरक्षणको दृष्टिकोणले कृषि क्षेत्र अद्यापि राष्ट्रिय अर्थतन्त्रको मेरुदण्डको रुपमा रहेको छ । तथापी न सरकारी न निजी क्षेत्रले आवश्यक लगानी गर्न सकेको छ । कृषि क्षेत्रमा लगानी र संरक्षण एकदमै न्यून छ । यसर्थ नेपाली कृषिको क्षेत्रीय र अन्तराष्ट्रिय प्रतिस्पर्धात्मक क्षमता अभिबृद्धि गर्दै असमानताको न्यूनीकरण र समावेशी विकासको घोषित उद्देश्य हासिल गर्न यस क्षेत्रमा लगानी विस्तार गर्ने ।

२. आम जनता तथा द्वन्द्व पीडित र सहिद तथा बेपत्ता परिवारलाई अविलम्ब राहत उपलब्ध गराउने ।

३. तत्काल प्रतिफल दिने गरी उत्पादनशील लगानी बृद्धि र उत्प्रेरणाद्वारा अर्थतन्त्रलाई गतिशील बनाउदै उच्च आर्थिक बृद्धि हासिल गर्ने र व्यापक रोजगारी सिर्जना गर्ने ।

४. सामन्तवाद र एकाधिकार पूँजीवादका सबै शोषण र उत्पीडन समाप्त गर्दै सामाजिक न्याय र समावेशी परिपाटीमा आधारित आर्थिक सामाजिक विकासको आधार सुदृढ गर्दै जाने ।

५. स्वाधीन, सवल र समृद्ध अर्थतन्त्र निर्माणमा टेवा पुऱ्याउने । यस दिशामा योगदान पुऱ्याउने गरी अन्तरिम संविधानमा व्यवस्था भएको तीन खम्बे नीति अन्तर्गत राज्य, सहकारी र निजीक्षेत्रको सहभागिता र समन्वयात्मक प्रयाशमा आर्थिक क्रियाकलाप विस्तार गर्ने ।

### (आ) नीति

१. जनसरोकारका सार्वजनिक सेवाहरू तत्काल कार्यान्वयनमा ल्याई आमजनताले भोग्दै आएका समस्यालाई न्यून गर्ने ।

२. द्वन्द्वपीडितलाई राहत र द्वन्द्व प्रभावित क्षेत्रहरूमा पुनर्स्थापना, पुनर्निर्माण तथा पुनःएकीकरणको कार्यक्रम तदारुकताका साथ अघि बढाउने ।

३. सामाजिक न्याययुक्त र समावेशी विकास प्रक्रिया अघि बढाई सामाजिक द्वन्द्व न्यूनीकरण गर्दै दीगो शान्ति हासिल गर्ने ।

४. भूमिलगायत उत्पादनका साधन एवम् स्रोतमा गरिब तथा विपन्न वर्गको स्वामित्व एवम् पहुँच बढाउने ।

५. खाद्य सुरक्षा, रोजगारी, आय आर्जनमा महत्वपूर्ण योगदान गर्ने गरी कृषि क्षेत्रको रूपान्तरण र विकास गर्ने ।

६. सामाजिक न्यायमा आधारित आर्थिक, सामाजिक प्रणालीको विकासमा टेवा पुऱ्याउन सबै प्रकारका एकाधिकारको अन्त्य गर्ने ।

७. कृषि, उद्योग लगायतका उत्पादनशील क्षेत्रमा लगानी प्रवाहित गर्दै राष्ट्रिय पूँजीको प्रवर्द्धन गरी स्वाधीन अर्थतन्त्रको आधार निर्माणमा टेवा पुऱ्याउने

८. सार्वजनिक साधन स्रोतको दुरूपयोग नियन्त्रण तथा ढिलासुस्तीको अन्त्य गर्दै सुशासनको प्रत्याभूति दिने ।

**(इ) कार्यनीति**

**१. आम जनतालाई राहत तथा जनसरोकारका सार्वजनिक सेवाहरूको भरपर्दो, सुलभ र सहज आपूर्तिको व्यवस्था गर्ने**

(क) कृषि मल, बिउ बिजन तथा समुदाय/सहकारीमा आधारित साना सिंचाई, स्यालो डिप ट्यूवेल र पोखरी निर्माणलाई अभियानको रुपमा अघि बढाउने ।

(ख) कृषकलाई तत्काल लाभ पुग्ने स-साना कृषि कार्यक्रमहरू स्थान विशेषको सम्भाव्यताका आधारमा सञ्चालन गर्ने ।

(ग) सुपथ मुल्यका पसलमार्फत अत्यावश्यक वस्तुको आपूर्ति व्यवस्था सहज र सुलभ पार्दै दुर्गम क्षेत्रमा खाद्य सुरक्षाको विशेष व्यवस्था गर्ने ।

(घ) बजारमा गैर खाद्य बस्तु मिसावटका कारण विषक्त खाद्यपदार्थले जनस्वास्थ्यमा प्रतिकुल प्रभाव पारेको हुँदा यस्तो कार्यलाई निरुत्साहित गर्न बजार अनुगमनलाई प्रभावकारी बनाई कडा कारवाही गर्ने ।

(ङ) नदी नियन्त्रणको विशेष कार्यक्रम तत्काल कार्यान्वयनमा ल्याइने ।

(च) काठमाडौं उपत्यकाको खानेपानीको समस्या तत्काल समाधान गर्न विद्यमान पानीका मुहानको उपयोग गर्ने, डीप वोरिङ्ग गर्ने र ट्याङकरबाट समेत पानी आपूर्ति गर्ने व्यवस्था मिलाउने । साथै, भूमिगत पानीको स्रोत बढाउन वगेर खेरजाने आकाशे पानीलाई भूमिमै सोसेर राख्ने ब्यवस्था मिलाउन प्रोत्साहन गर्ने ।

(छ) काठमाडौं लगायत शहरी क्षेत्रको सडकहरू एवम् लोकमार्ग तथा विशेष महत्वका पुलहरूको तदारुकताका साथ मर्मत तथा सम्भार गर्ने ।

(ज) तराईबाट कष्टपूर्ण तरिकाले काठमाण्डौ उपत्यकामा मासुको लागि जिउँदो राँगा-भैंसी ढुवानी गर्ने प्रचलनको अन्त्य गर्न हेटौडामा अत्याधुनिक स्लटर हाउस निर्माण गरी रेफ्रिजेरेटर जडित ढुवानी साधनमार्फत मासु ढुवानीको व्यवस्था मिलाउने । स्लटर हाउस निर्माण गर्न सरकार र निजीक्षेत्रको संयुक्त लगानी जुटाउने ।

(झ) पेट्रोलीयम पदार्थको आपूर्ति ब्यवस्था सहज बनाउने ।

२. **द्वन्द्व पीडित, सहिद र वेपत्ताका परिवारलाई राहत प्रदान गर्ने**

(क) सहिद परिवारलाई राज्यले वितरण गर्न घोषणा गरेको राहत तत्काल वितरण गर्ने ।

(ख) द्वन्द्वपीडित र विस्थापितहरूलाई पुनर्स्थापना तथा सहिद र वेपत्ताका घरवार विहीन परिवारलाई पुनर्स्थापना एवं जीविकोपार्जनको ब्यवस्था गर्ने ।

(ग) द्वन्द्व कालमा भत्की पुनर्निर्माण गर्न बाँकी रहेका संरचनाहरुको पुनर्निर्माण गर्ने ।

(घ) द्वन्द्व प्रभावित क्षेत्रहरूमा सामूदायिक मेलमिलाप केन्द्र स्थापना गर्ने ।

३. **सामाजिक न्याय र समावेशी विकास प्रक्रिया अघि बढाउँदै द्वन्द्व न्यूनीकरण मार्फत दिगो शान्ति कायम गर्ने**

(क) सुकुम्बासी, कमैया, हलिया, कमलरी र बाँधा मजदुरबाट मुक्त परिवारको लागि विशेष कार्यक्रम ल्याउने ।

(ख) अनौपचारिक क्षेत्रका श्रमिक वर्गको सामाजिक सुरक्षाकोलागि कानून बनाउने ।

(ग) वर्ग, जाति, लिङ्ग र भौगोलिक क्षेत्रका आधारमा सामाजिक सुरक्षाको कार्यक्रम अझ विस्तार गर्ने ।

(घ) सामाजिक सुरक्षा भत्ता पाउने विधवाको सम्बन्धमा पुनर्विचार गर्ने ।

(ङ) नेत्रहीन, सुस्त मनस्थिति, बाणीहीन, र श्रवणहीनलाई पठन पाठनको सुलभ व्यवस्था गर्ने ।

(च) बालबालिका तथा सडकमा भिख माग्न बाध्य भएका ब्यक्ति तथा असहाय व्यक्तिहरूको लागि उपयुक्त ठाउँहरूमा आश्रम निर्माण गर्ने ।

(छ) सामाजिक सुरक्षा भत्तामा नसमेटिएका लोपोन्मुख जातिलाई क्रमशः सामाजिक सुरक्षा भत्ता उपलब्ध गराउने ।

(ज) निजी क्षेत्रका उद्योग व्यवसायहरूमा अपाङ्ग र अशक्त व्यक्तिहरूलाई रोजगारीको व्यवस्था गर्न प्रोत्साहित गर्ने ।

(झ) वित्तीय सेवा तथा ऋण सुविधामा विपन्न र गरिव वर्गको पहुँच बढाउने ।

४. **भूमि लगायत उत्पादनका साधन र स्रोतमा गरिब तथा विपन्न वर्गको स्वामित्व एवम् पहुँच अभिबृद्धि गर्ने**

(क) भूमिलाई उपयोगका आधारमा वर्गिकरण गर्नुको साथै उत्पादकत्व बृद्धिकोलागि भूमि सुधार कार्यक्रमलाई अगाडि बढाउने । यथासिघ्र नयाँ भूमि सुधार ऐनको तर्जुमा गर्ने ।

(ख) सुकुम्वासी समस्या समाधानकालागि हाल संचालित कार्यक्रमहरुलाई निरन्तरता दिने ।

(ग) भू–उपयोग नीतिलाई खेतीयोग्य जमिन कृषि उपज बृद्धिमा उपयोग गर्न प्रोत्साहित गरी उर्वर जमिनमा रियलस्टेट र अन्य अनुत्पादक गतिविधिमा प्रयोग गर्ने कार्यलाई निरुत्साहित गर्न आवश्यक कानून तर्जूमा गर्ने ।

५. **खाद्य सुरक्षा, रोजगारी, आय आर्जनमा महत्वपूर्ण योगदान गर्ने गरी कृषि क्षेत्रको रूपान्तरण र व्यवसायीकरण गर्ने**

(क) कृषिको आधुनिकीकरण र व्यवसायीकरण गर्दै कृषि क्षेत्रको रूपान्तरण गर्ने ।

(ख) कृषि उत्पादन बृद्धिकालागि सरकार सहितको सहकार्यमा आम किसानहरुलाई “उत्पादन बृद्धि गरौं, आत्मनिर्भर बनौं” भन्ने  मुलनारामा केन्द्रीत रही राष्ट्रिय अभियान सञ्चालन गर्ने ।

(ग) प्रत्येक गाउँ विकास समितिले प्राप्त गर्ने अनुदानमा कृषिसंग सम्बन्धित कार्यक्रममा निश्चित प्रतिशत छुट्याउने व्यवस्था मिलाउने ।

(घ) स्थानीय सम्भाव्यताका आधारमा ८–१० गाउँ विकास समिति संलग्न गरी कृषि पकेट कार्यक्रम अन्तर्गत मुल विउ, वेर्ना तथा नर्सरी आदिका लागि अनुदानको व्यवस्था गर्ने । बीउबिजन उत्पादन तथा अनुसन्धान गर्ने सरकारी कृषि फार्महरूलाई विशेष टेवा पुऱ्याउने ।

(ङ) कृषिमा उत्पादन विशिष्टीकरण गरी उत्पादकत्व बृद्धि गर्न "एक गाउँ, एक उत्पादन" कार्यक्रमलाई अभियानको रूपमा संचालन गर्ने ।

(च) कृषिको उत्पादन र उत्पादकत्व बृद्धि गर्न सहकारी संघ संस्थाहरुसँगको साझेदारीमा कृषि फार्म खडा गर्न आवश्यक सहयोग उपलब्ध गराउने ।

(छ) नेपालका हिमाली जिल्लाहरुमा कृषि, तरकारी, जडिबुटी, फलफुल प्रशोधन गर्ने उद्योगलाई उत्पादन शुरु गरेको पहिलो १५ वर्षसम्म अन्तःशुल्क र आयकर पुरै छुट दिने । यी जिल्लाहरुमा उन्नत जातका भेडा, च्याँग्रा, चौरी, लगायतका चौपायाको आधुनिक एवं ब्यवसायिक पशुपालन गरेमा पशुचिकित्सा सेवा पुऱ्याउनुका साथै आवश्यकता अनुसारको सहयोग उपलब्ध गराउने ।

(झ) पाँचै विकास क्षेत्रमा हावापानी अनुरुप जडिबुटीको उत्पादन बढाउनकालागि अनुसन्धान, विउ, औषधी, तालीम आदि सुविधा उपलब्ध गराउन जडिबुटी फार्म स्थापना गर्दैजाने । यस क्रममा परीक्षणका रुपमा नेपालगन्जमा यस्तो फार्म स्थापना गर्ने ।

(ञ) साना किसान विकास बैंक मार्फत साना किसान सहकारी संस्थाहरुलाई पशुपालन ब्यवसायमा सरकारले पुऱ्याएको ऋण सहयोगलाई आगामी वर्ष पनि निरन्तरता दिने ।

(ट) कृषिलाई ब्यवसायीकरण गर्न र कृषि पेशालाई वहुआयामिक बनाउन अन्नवाली, करेसावाली, फलफुल, तरकारी र पशु तथा मत्स्यपालनको लागि जमिन छुट्याउने ।

(ठ) पशुपालनतर्फ नश्ल सुधार राष्ट्रिय अभियान संचालन गर्ने । सहकारी मार्फत पशुपालन गर्न चाहेमा सरकारले निश्चित अवधिको लागि पर्ती जमिन निःशुल्क उपलव्ध गराउने ।

(ड) कृषिको व्यवसायीकरण गर्न तत्काल लघु, साना तथा मझौला सिंचाई आयोजना, नयाँ प्रविधिको आयोजना, भूमिगत सिंचाई आयोजना र ठूला सिंचाई आयोजनाहरूको मर्मत सुधार गरी सिंचाई सुबिधा विस्तार गर्ने । पहाडमा पोखरी निर्माण गर्न किसानको समूहलाई अनुदान उपलब्ध गराउने ।

(ढ) गोठ भकारो सुधार तथा स्याउला आदिवाट प्राङ्गारिक एवं जैविक मल उत्पादन र प्रयोग कार्यक्रम अघि बढाउने ।

(ण) अलैंची उत्पादन प्रशस्त हुने पूर्वी पहाडमा अलैंची विकास फार्म खोल्ने ।

(त) सम्भाव्यताका आधारमा देशका विभिन्न भागमा जडिबुटी अनुसन्धान केन्द्र तथा सुविधा सम्पन्न जडिवुटी प्रशोधन केन्द्रहरु खडा गर्ने । जडिबुटीको खेती प्रवर्द्धन गर्न आवश्यक सहयोग र सुविधा प्रदान गर्ने ।

(थ) आम किसानको हित र कृषि उत्पादकत्व बृद्धि गर्न रसायनिक मलमा दिईंदै आएको अनुदान बृद्धि गर्ने ।

(द) स्यालो ट्युवेल जडानबाट तत्कालै सिंचाई सुविधा पुगी किसानले आगामी फसलमै लाभ लिन सक्ने कुरालाई दृष्टिगत गरी थप स्यालोट्युवेल जडान गर्ने ।

(ध) कृषि उत्पादकत्व बृद्धि गर्न किसानहरुलाई समुहमा आवद्ध गरी साना सिंचाई प्रणाली निर्माण गर्न उत्प्रेरित गर्ने । लागत सहभागिताको आधारमा जनसहभागितमा आधारित सिंचाई कार्यक्रमहरू सञ्चालन गर्ने ।

(न) उष्ण, उपोष्ण र सितोष्ण जलवायुको सम्मिश्रण रहेको दाङ्ग देउखुरी उपत्यकामा विस्तृत सिंचाईको विकास बारे सम्भाव्यता अध्ययन गर्ने ।

## ६. वन

(क) वन माथि अतिक्रमण बढ्दै गई विनाश भैरहेको वर्तमान परिप्रेक्ष्यमा वनजंगलको संरक्षण, विकास र व्यवसायिक

प्रयोगलाई उच्च प्राथमिकता दिई विभिन्न कार्यक्रम संचालन गर्ने ।

(ख) वन ऐन, २०४९ लाई संशोधन गर्ने सम्वन्धमा सरोकारवाला निकायहरुसँगको परामर्शमा पुनर्विचार गर्ने ।

(ग) वन उपभोक्ता महासंघ लगायतका संस्थाहरुसँग साझेदारी गरी सहकारीको माध्यमबाट हरित उद्योग स्थापना गर्ने ।

७. **सार्वजनिक, सहकारी र निजी क्षेत्र मार्फत व्यापक रूपमा रोजगारीको सिर्जना गर्ने**

(क) पूर्वाधार र मानव विकास सुचकांकको आधारमा पछाडि परेका हिमाल, पहाड र तराईका जिल्लाहरुमा रोजगारीको प्रत्याभूति सम्बन्धी लक्षित कार्यक्रमहरु विस्तार गर्ने ।

(ख) सामुदायिक माध्यमिक र उच्च माध्यमिक विद्यालयहरूलाई प्राविधिक तथा व्यवसायिक शिक्षा र सीपमूलक व्यवसायिक तालीम प्रदान गर्ने तर्फ अभिप्रेरित गर्ने । यसोगर्दा सामूदायिक विद्यालयहरुले अतिरिक्त ब्ययभार बहन गर्नुपर्ने हुँदा यस्तो थप खर्च सरकारले ब्यहोर्ने ।

(ग) युवा स्वरोजगार कार्यक्रमलाई विस्तार र प्रभावकारी बनाउदै सीपमूलक तालीम कार्यक्रमलाई व्यापक रुपमा अगाडि बढाउने ।

(घ) बैदेशिक रोजगारीलाई सुरक्षित एवम् मर्यादित तुल्याउँदै दुर्गम र विपन्न वर्गको पहुँच बढाउने । बैदेशिक रोजगारीबाट फर्केकालाई उनीहरुको अनुभव र दक्षता उपयोग गर्नसक्ने विशेष कार्यक्रम सञ्चालन गर्ने ।

(ङ) विकास निर्माणमा शैक्षिक युवा वेरोजगारलाई सक्रिय सहभागी गराउन जिल्ला विकास समिति मार्फत विशेष कार्यक्रम लागू गर्ने ।

(च) भौतिक पूर्वाधार निर्माणका कार्यस्थलमा स्थानीयस्तरको रोजगारीलाई उच्च प्राथमिकता दिने ।

## ८. सहकारीलाई अर्थतन्त्रको एक प्रमुख खम्बा हुने गरी यसको आधार निर्माण गर्ने

(क) राज्य, सहकारी र निजीक्षेत्रको सहभागितामा देशको अर्थतन्त्रलाई संचालन गर्ने संबैधानिक ब्यवस्थालाई जीवन्तता दिइनेछ । सरकार, सहकारी र निजीक्षेत्रको क्रियाशील र समन्वयात्मक पद्धतिद्वारा नेपालमा आर्थिक समृद्धि हासिल गर्न सकिन्छ । सताब्दियौदेखि राष्ट्रिय मुल प्रवाहमा समेटिन नसकी पछाडि पारिएका महिला, दलित, जनजाति, पिछडा वर्ग, दूर्गम क्षेत्र, विपन्न मुश्लिम, मधेशी जस्ता वर्ग, समुह र समुदायलाई उत्पादन बृद्धि गर्न सहकारीमा संलग्न गरी चाँडै नै उनीहरुलाई महत्वपूर्ण उत्पादक शक्तिमा रुपान्तरण गरिनेछ । यी समुदायलाई सहकारी मार्फत संगठित गरी भरपर्दो उत्पादक शक्तिको रुपमा परिचालन गरेमा नेपालको आर्थिक संरचना परिवर्तन गर्न सकिन्छ । यसरी, गरिब जनतालाई परिचालन गरी ग्रामीण जनताको क्रयशक्ति बढाउने, उत्पादन र उत्पादकत्व बढाउने तथा ब्यापक रुपमा रोजगारी सिर्जना गर्नकालागि सहकारी अभियान मूल आधारको रुपमा रहनेछ । कृषि उत्पादन र प्रशोधन प्रणालीमा सहकारीलाई अभियानको रुपमा संचालन गरी कम्तिमा तीन वर्षमा माछा, मासु, तरकारी र दुग्ध पदार्थमा आत्मनिर्भरता हासिल गरी यी बस्तुको अरबौंको आयात प्रतिस्थापन गर्न सकिने सम्भावना छ ।

(ख) उत्पादन, वितरण र उपभोग परिपाटीलाई नयाँ ढंगले स्थापित गर्दै आर्थिक आधारलाई सामाजिक न्याय र समावेशी परिपाटी अनुरुप सुदृढ गर्ने गरी सहकारी मार्फत स्थानीय तहमा स्रोत, साधन, पूँजी र श्रमको उपयोग गर्दै यसलाई अर्थतन्त्रको एक सवल खम्बाको रुपमा रुपान्तरित गर्ने ।

(ग) गाउँ शहरमा सहकारी घरघरमा रोजगारी कार्यक्रमलाई राष्ट्रिय अभियानको रुपमा अगाडि बढाउने ।

(घ) सहकारीलाई गरीबी तथा असमानता न्यूनीकरण, आयात प्रतिस्थापन, निर्यात प्रवर्द्धन र रोजगारी सिर्जनाको आधारशीलाको रुपमा विकसित गर्ने ।

(ङ) पिछडिएका वर्ग, जाति, लिङ्ग, दुर्गम क्षेत्र, द्वन्द्व पीडित, सहिद परिवार, भूमिहीन, अनौपचारिक क्षेत्रमा काम गर्ने श्रमिकलाई सहकारी कोष खडागरी कोष मार्फत आय आर्जनको क्रियाकलापमा संलग्न हुन विशेष अनुदान र अन्य सुविधा दिने ।

(च) खाद्यान्नको बढ्दो मुल्यको समस्या समाधान गर्न किसानहरुको समुहलाई कृषि बजार खोल्न सहयोग पुऱ्याउने ।

(छ) महिला एवम् दलितद्वारा संचालित सहकारीको उत्पादन र विक्रीमा टेवा पुऱ्याउन पूँजीगत अनुदान दिने ।

(ज) महिलाहरुको सीप, क्षमता र आँटलाई बढावा दिन महिलाहरू द्वारा संचालित अचार, भुजिया, पापड, चाउचाउ जस्ता वस्तु उत्पादन गर्ने उत्पादनमूलक सहकारी संस्थाहरूलाई परियोजना प्रस्तावको आधारमा विउ पूँजी उपलब्ध गराउने ।

(झ) प्रत्येक विकास क्षेत्रमा दलित परिवारको परम्परागत पेशालाई व्यवसायिक सहकारीमा संगठित गरी अनुदान को ब्यवस्था गर्ने ।

(ञ) कृषि तथा फलफुल उत्पादन तथा प्रशोधन सहकारी संघ संस्था र तिनको सदस्यहरु मार्फत उत्पादन गरी प्रथम चरणको प्रशोधन गर्ने सहकारीलाई पूँजिगत अनुदान दिने ।

(ट) खसी, बोका, बंगुर, राँगा र माछापालन ब्यवसाय संचालन गर्ने सहकारीमा आवद्ध गरिवीको रेखामुनी रहेका अति विपन्न परिवारलाई अनुदान तथा सहुलियत कर्जा उपलब्ध गराउने ।

(ठ) मौसमी र बेमौसमी तरकारी खेतीकोलागि सहकारी संस्थाहरूलाई अनुदान प्रदान गर्ने ।

(ड) अत्यधिक गोलभेडा हुने स्थानमा सहकारीले सञ्चालन गर्ने केचप उत्पादन गर्ने कारखाना स्थापना गर्न आवश्यक पर्ने उपकरण पैठारीमा भन्सार छुट दिने । साथै, उक्त कारखाना स्थापना गर्न पूँजीगत अनुदान र सहुलियतपूर्ण कर्जा उपलव्ध गराउने ।

(ढ) साना चिया किसानहरूको सहकारीलाई चियापत्ती प्रशोधन गर्ने कारखाना स्थापना गर्न पुँजीगत अनुदान र सरल व्याज दरमा ऋण उपलव्ध गराउने । यस्तो सुविधा कफी उत्पादन गर्ने साना किसानहरुको सहकारी संस्थालाई पनि उपलब्ध गराउने ।

(ण) सुन्तला, जुनार, कागती, स्याउ, केरा, आँप, लिची, भुइकटहर र मेवा लगायतका फलफूल खेतीको लागि पकेट क्षेत्र पहिचान गरी उत्पादन र प्रशोधन गर्न अनुदान तथा सहुलियत पूर्ण ऋण उपलब्ध गराउने ।

(त) पशुपालक वा दुग्ध सहकारीहरुले गाउँमा भेटेरीनरी सेवा केन्द्र वा औषधि पसल स्थापना गरेमा त्यस्तो औषधी पसलको लागि बीउ पूँजि उपलव्ध गराउने । त्यसैगरी दूग्ध जन्य पदार्थ चिस्यान केन्द्र स्टोरेज र प्रशोधन गर्ने मेशिन औजार आयात गर्दा भन्सार छुट दिने ।

(थ) साना–साना चक्ला जमिन भएका साना किसानहरुको समुहले सहकारी प्रणालीमा खेती गरेमा ट्रेक्टर, पावर टिलर, थ्रेसर, धान कुट्ने मील र आवश्यक मेशिनरी तथा उपकरणहरुको पैठारीमा भन्सार छुट दिने र सिंचाईको ब्यवस्था गरेमा आधा खर्च सरकारले ब्यहोर्ने ।

(द) प्रत्येक गाविसमा अत्यावश्यक उपभोग्य वस्तु सुपथ मूल्यमा विक्री गर्ने तथा स्थानीय स्तरमा उत्पादित बस्तुहरु खरीद गरी वजारसम्म पुरयाउनको लागि बहुउद्देश्यीय सहकारी स्थापना गरी ढुवानी संचालन गरेमा

त्यस्तो सहकारीलाई ढुवानी साधन पैठारी गर्न भन्सार सुविधा दिने ।

(ध) काठमाण्डौ उपत्यका र शहरी क्षेत्रमा यातायात मजदुरहरुकै संलग्नतामा  यातायात सहकारी स्थापना गरी ठूला वस तथा टयाक्सी संचालन गर्न चाहेमा परियोजनाको औचित्यहेरी त्यसरी खरीद गरिने यातायातका साधनमा भन्सार छुट दिने ।

(न) राष्ट्रिय सहकारी संघको केन्द्रमा निर्माण गर्ने भवनको कार्यप्रगतिको आधारमा थप रकम उपलब्ध गराउने ।

(प) बचत तथा ऋण सहकारीमा हाल देखिएका विकृति र विसंगतिको अन्त्य गर्ने । ठूलो आकारको बचत र ऋण कारोवार गर्ने सहकारीलाई माईक्रो फाइनान्स वा सहकारी बैंकमा रुपान्तरण गर्न सक्ने गरी कार्यक्रम ल्याईने ।

(फ) सहकारी अभियानलाई प्रभावकारी बनाउन ऐन नियमको तर्जुमा, त्यसको प्रभावकारी कार्यान्वयन, नियमन, अनुगमन र सुपरीवेक्षण क्षमताको अभिबृद्धि गर्ने ।

सरकारले प्रस्तुत गरेको सहकारी आन्दोलनका कार्यक्रमलाई सफलतापूर्वक अघि बढाउन मुलुकभरीका सबै सहकारी संघ संस्थाको सक्रिय भूमिका र सहयोग प्राप्त हुने अपेक्षा गरिएको छ ।

## ९. निजी क्षेत्रको प्रवर्द्धन गर्ने

(क) अर्थतन्त्रको औद्योगीकरण एवं आधुनिकीकरण, आर्थिक बृद्धि, रोजगारीका अवसरको बृद्धि, निर्यात प्रवर्द्धन र आयात प्रतिस्थापन एवं पूँजि निर्माण गर्न सक्षम, स्वच्छ प्रतिस्पर्धी, पारदर्शी र आत्म विश्वास युक्त निजीक्षेत्रको विकास  गर्ने ।

(ख) ब्यवसायको लागत घटाउन विशेष कार्यक्रमहरु संचालन गर्ने । उद्योग ब्यवसायको सहजीकरणकालागि प्रक्रियागत

सरलीकरण, सुमधुर औद्योगिक सम्बन्ध र प्रभावकारी नियमनको व्यवस्था गर्ने ।

(ग) निजी क्षेत्रको उद्यमशीलता विकासमा जोड दिने ।

(घ) निकासी प्रवर्द्धन गर्ने गरी २ देखि ४ प्रतिशत सम्म नगद अनुदान दिने नीतिलाई निरन्तरता दिने । नेपालको विशिष्टतालाई ध्यानमा राख्दै विशेष आर्थिक क्षेत्र (क्भ्श) विस्तार गर्दै जाने ।

(ङ) निकासी प्रवर्द्धनका लागि निकासी गृह सञ्चालन गर्न विधेयक तर्जुमा गर्ने । नेपाली उद्योगको संरक्षणका लागि एण्टी डम्पिङसम्बन्धी कानुन तर्जुमा गर्ने ।

(च) बाणिज्य नीति, २०६५ र औद्योगिक नीति, २०६७ को प्रभावकारी कार्यान्वयन गरिने ।

(छ) बैंक तथा वित्तीय संस्था, विप्रेषण आप्रवाह एवं अन्य क्षेत्रको स्रोत र साधनलाई आर्कषित गर्ने गरी एक पूर्वाधार विकास कोष खडा गर्ने ।

(ज) साना उद्योगी र व्यवसायीको हित अनुकुल हुने गरी विद्यमान संरचनागत र संस्थागत सुधार गर्ने ।

(झ) स्थानीय तहमा साना उद्योग व्यवसाय सञ्चालनको लागि विशेष सुविधाहरू उपलब्ध गराउने ।

(ञ) नेपालबाट विदेशमा गई फर्किएका एकै खालको कामगर्ने एकसय जना भन्दा बढिको समूह वा सहकारी बनाई मेकानिकल, एसेम्बली, पार्टपूर्जा निर्माण कार्यमा संलग्न समूह वा सहकारीले आयात गर्ने मेशिनरी र पूँजीगत वस्तुमा सरकारले एकमुष्ट पूँजीगत अनुदान दिने ।

(ट) नेपालको भौगोलिक विविधताका कारण विभिन्न थरिका फलफूल, वनस्पति, पुतलीका प्रजाति लगायत विश्वमै दुर्लभ ठानिएका र उच्च माग भएका फूलहरूको व्यवसायिक खेती प्रवर्धन गरी फ्लोरीकल्चर व्यवसाय विस्तारमा सहयोग गर्ने ।

(ठ) महिला उद्यमीलाई प्रोत्साहन गर्न पाँच विकास क्षेत्रमा एक/एक वटा साना तथा घरेलु उद्योगको प्रवर्द्धनका लागि घरेलु ग्राम निर्माण गर्न जग्गाको बन्दोवस्त गर्ने ।

(ड) तरलताको समस्या, उच्च ब्याजदर र निक्षेप परिचालनमा देखिएको शिथिलता कम गर्न पूँजी बजारलाई गतिशिल तुल्याईने ।

(ढ) निजीक्षेत्रको सामाजिक उत्तरदायित्व अभिबृद्धि गर्न प्रोत्साहन गर्ने ।

(ण) कर छली तथा अन्य माध्यमबाट भ्रष्टाचार र कालो धन्दा गर्ने अपराधिक क्रियाकलापलाई कडाइकासाथ नियन्त्रण गर्ने ।

(त) सबै प्रकारका सिण्डिकेट र मिलोमतोमा मूल्य निर्धारण गर्ने कार्य गैरकानूनी घोषित भैसकेकोले कडाईका साथ नियन्त्रण गर्ने ।

(थ) निजी क्षेत्रले उद्योग संचालनको क्रममा औद्योगिक उपउत्पादन प्रयोग गरी अतिरिक्त विद्युत उत्पादन गरेमा सो विद्युत नेपाल विद्युत प्राधिकरणले खरिद गर्ने व्यवस्था मिलाउने ।

(द) निजीक्षेत्रले सौर्य लगायतको बैकल्पिक उर्जा उत्पादन गर्न आयात गर्ने मेशिनरी सामानमा भन्सार महसुल छुट दिने ।

(ध) जलस्रोत, पर्यटन, पूर्वाधार विकास र खनिज बस्तुको उत्खनन लगायतका क्षेत्रमा स्वदेशी र विदेशी लगानीलाई आकर्षित गर्न विशेष कार्यक्रम ल्याउने ।

(न) रुग्ण हुँदै गएका साना तथा घरेलु उद्योगको पुर्नरुत्थानकालागि विशेष सहयोग उपलब्ध गराउने ।

(प) गाउँमा शिक्षा र स्वास्थ्य सेवा तथा रोजगारी सृजना गर्ने कार्यकालागि कुनै संघ संस्थाले दान गरेमा आयकरमा त्यस्तो खर्च कट्टि गर्न पाउने व्यवस्था गर्ने ।

## १०. अति विकट क्षेत्र विकास र लक्षित कार्यक्रम

(क) कर्णालीका पाँचैवटा जिल्ला तथा वरपरका अति विकट जिल्लाहरूमा सहकारीको माध्यमद्वारा कृषि, जडिबुटी र फलफूलको उत्पादन, संकलन र प्रशोधन गर्न पूँजीगत अनुदान उपलब्ध गराउने ।

(ख) खाद्य समस्याग्रस्त कर्णाली र सो वरपरका विकट जिल्लाहरूमा स्थानीय रूपमा नै खाद्यवाली उत्पादन वृद्धिमा टेवा पुऱ्याउन प्रत्येक गाउँ विकास समितिलाई अतिरिक्त रकम उपलब्ध गराउने ।

(ग) कर्णालीमा कार्यान्वयनमा रहेको एक परिवार एक रोजगार कार्यक्रमलाई प्रभावकारी बनाउने । मानव विकास सूचकांकको आधारमा पछाडि परेका अन्य जिल्लाहरुमा यो कार्यक्रम विस्तार गर्दै जाने ।

(घ) कर्णालीका सबै जिल्लाहरु र वरपरका जिल्लाहरुमा स्थानीय स्तरमा उपलब्ध हुने जडीबुटी, यार्चागुम्वा र स्याउ संकलन तथा प्रशोधनकालागि पूँजिगत अनुदान दिने ।

(ङ) देशको समशितोष्ण तरकारी विऊ उत्पादन हुने क्षेत्रहरुमा तरकारीको मूल विऊ उत्पादन बढाउन प्रयोगशाला, सञ्चालन, विऊ, औषधि र प्याकिङ्ग समेत गर्ने प्रयोजनका लागि आवश्यक रकम अनुदान स्वरूप उपलब्ध गराउने ।

(च) आर्थिक तथा सामाजिक विकासमा पछाडि परेका क्षेत्रका लागि लक्षित कार्यक्रम संचालन गर्ने । बाल संरक्षण अनुदान कार्यक्रमलाई प्रभावकारी ढंगमा संचालन गर्ने ।

## ११. शिक्षा र साक्षरता अभियान

(क) गुणस्तरीय शिक्षामा सबैको पहुँच सुनिश्चित गर्ने ।

(ख) आधारभूत शिक्षालाई क्रमशः अनिवार्य बनाउने ।

(ग) आगामी तीन वर्ष भित्र मुलुकबाट निरक्षरता उन्मुलन गर्न साक्षरता अभियान संचालन गर्ने । यस क्रममा पहिलो

चरणमा मुलुकका १२ हजार वडाहरुमा अभियन्ता नियुक्त गरी साक्षरता अभियान सञ्चालन गर्ने । यसमा सम्बन्धित वडाका महिलालाई प्राथमिकता दिने ।

(घ) दलित र छात्राहरूलाई कक्षा १२ सम्म सामुदायिक विद्यालयहरूमा निःशुल्क अध्ययन गर्ने व्यवस्था मिलाउने ।

(ङ) लोपोन्मुख जातिका बालबालिकाकालागि गुणस्तरीय शिक्षा प्रत्याभूत गर्न कक्षा ८ देखि १२ सम्मको शिक्षामा राज्यले निजी क्षेत्रका विद्यालयले प्रदान गर्ने १० प्रतिशत छात्रवृत्ति अन्तर्गत यस्ता विद्यार्थीलाई पूर्ण छात्रवृत्ति दिलाउने ।

(च) मातृभाषामा शिक्षा दिने कार्यक्रमलाई प्रभावकारी बनाउने ।

(छ) बढ्दो डिजिटल डिभाइडबाट सिर्जना हुने आर्थिक सामाजिक असमानता घटाउन सार्वजनिक विद्यालयका पाठयपुस्तकलाई डिजिटाइज गर्न, इन्टरनेट सेवा उपलब्ध गराउन र विश्वका उत्कृष्ट विद्यालयमा पहुँच बढाउन अभिभावक, स्थानीय समुदाय र गैर आवासीय नेपालीसँग मिलेर काम गर्ने ।

(ज) सरकार वा अन्तराष्ट्रिय गैर सरकारी संघ संस्थाले संचालन गरेका महिला केन्द्रीत कार्यक्रमको कार्यान्वयनमा स्थानीय गैर सरकारी संस्थाको साथै महिला आन्दोलनबाट स्थापित राष्ट्रियस्तरका महिला संघ संगठनहरुलाई संलग्न गराउने ।

१२. **पूर्वाधार निर्माण**

(क) नागढुंगा–नौवीसे सुरुङ्ग मार्ग, सीतापाइला–धार्के सडक, भिमफेदी–हेटौडा सुरुङ्ग मार्ग, कोशी कोरिडोर (घुर्मी–चतरा) खण्डको ट्र्याक खोल्ने, मध्य पहाडी लोकमार्गको खुर्कोट–घुर्मी र बागलुङ्ग–बुर्तीवाङ्ग खण्डमा कालोपत्रे गर्ने ।

(ख) चालू आर्थिक वर्षभित्रै मनाङ्गको सदरमुकाम चामेमा मोटरबाटो पुऱ्याउने कार्य सम्पन्न गर्ने र लिमि–लाप्चा–

सिमिकोट, मुगुको गमगढी–न्याक्चे लाग्मा तथा डोल्पा–मरिम मोटरबाटोको ट्र्याक खोल्ने कार्यलाई तिव्रता दिने ।

(ग) पूर्व पश्चिम तथा उत्तर दक्षिण एवम् भौगोलिक क्षेत्र समेतलाई आधार बनाई केही नमूना सडक परियोजनाहरू कार्यान्वयनमा ल्याउने । यस क्रममा ६ जिल्ला जोड्ने ताम्सालिङ्ग लोकमार्ग निर्माणका लागि आवश्यक संभाव्यता तत्कालै आरम्भ गर्ने । काठमाडौं–तराई द्रुतमार्ग लगायतका महत्वपूर्ण क्रमागत सडक परियोजनाहरू तीब्र रुपमा अघि बढाउने ।

(घ) पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म नदी नियन्त्रण र सिंचाई सुविधा विस्तार गर्न तटवन्ध निर्माण कार्य अभियानको रुपमा संचालन गर्ने ।

(ङ) काठमाण्डौंमा फ्लाई ओभरको निर्माण कार्य द्रुत गतिका साथ अगाडि बढाउने ।

(च) काठमाडौंमा मोनोरेलको संभावनाको अध्ययन कार्य तत्काल आरम्भ गर्ने ।

(छ) बाराको निजगढमा अत्याधुनिक प्रविधियुक्त दोस्रो अन्तर्राष्ट्रिय विमानस्थल निर्माण गर्न सम्भाब्यता अध्ययन सम्पन्न गरी निर्माणकार्य प्रारम्भ गर्ने ।

(झ) विराटनगर, पोखरा, सिद्धार्थनगर र दाङ्गको टरी गाउँ विकास समिति अन्तर्गत रहेको विमानस्थलको मर्मत एवं स्तरोन्नति गरिने र ईलामको सुकेनिदामा फाल्गुणानन्द विमानस्थल निर्माण गर्ने ।

(ञ) विराटनगर–किमाथांका लोकमार्ग (कोशी लोकमार्ग) को उच्च प्राथमिकताका साथ निर्माण कार्य अघि बढाउने ।

(ट) मुलुकको पूर्वाधार निर्माण, जलविद्युत्, सौर्य ऊर्जा, सिंचाई तथा खनिज अन्वेषण र उत्खनन् कार्यमा सरकार र

शैक्षिक प्राज्ञिक संस्थाबीच हातेमालो गर्ने अभियान शुरु गर्ने ।

(ठ) सरकारले केन्द्रीय, क्षेत्रीय, जिल्लास्तरका सडक तथा पूल जस्ता पूर्वाधार निर्माण एवं मर्मतको गुणस्तर र मापदण्ड तोक्नेछ । यस्ता पूर्वाधार निर्धारित समयभन्दा अगाबै बिग्रे भत्केमा निर्माणमा संलग्न ठेकेदारबाट क्षतिपूर्ति असुल्ने व्यवस्था गर्ने ।

(ड) सडक निर्माण गर्दा निर्माणकर्ताले सडकका दुवै तर्फ रुख रोप्नुपर्ने अनिवार्य व्यवस्था गर्ने । ती विरुवाको सिंचाई, गोडमेल एवं संरक्षणमा निकटतम गाउँका महिलालाई संलग्न गर्ने । यस्तो कार्यमा एकल, दलित र द्वन्द्वपीडित महिलाहरुलाई प्राथमिकता दिने ।

(ढ) मेलम्ची खानेपानी योजनाको निर्माणमा तिब्रता ल्याउने ।

१३. **पर्यटन**

(क) पर्यटन वर्ष २०११ को अवसर पारेर मध्य तथा सुदूर पश्चिमाञ्चलको एकीकृत पर्यटकीय विकास गर्न से–फोक्सुण्डो, राराताल, खप्तड, रामारोशन र बढीमालिका लगायतका स्थानमा पर्यटन विकास कार्यक्रम थालनी गर्ने ।

(ख) मध्य पश्चिम क्षेत्रको रारा, सिंजा, पुपाल, ढोरपाटन, सिस्ने, जलजला क्षेत्रलाई जोडने गरी बहुआयामिक पर्यटकीय परिक्रमामार्ग निर्माण गर्न सम्भाब्यता अध्ययन गर्ने । अन्नपूर्ण र मनाशलुमा पर्यटकीय परिक्रमा पैदल मार्ग निर्माण गर्ने ।

(ग) मधेश–तराई, पूर्वी पहाड समेतलाई समेटेर साँस्कृतिक, धार्मिक, पुरातात्विक एवं आर्थिक हिसावले महत्वपूर्ण क्षेत्रहरुमा पर्यटन पूर्वाधार गुरुयोजना तयार गर्ने ।

(घ) पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म पर्यटन विकासको लागि केवुलकार निर्माणकर्तालाई आवश्यक सहयोग गर्ने ।

## १४. स्थानीय विकास तथा नमूना गाउँ कार्यक्रम

(क) सबै जिल्ला र विकास क्षेत्रको दीर्घकालिन विकास गुरुयोजना बनाउने राष्ट्रिय नीति अनुरुप पाँच विकास क्षेत्रका एक/एक जिल्लाको गुरुयोजना तयार गर्ने ।

(ख) विभिन्न मन्त्रालय मार्फत क्षेत्रीय, जिल्लागत र निर्वाचन क्षेत्रस्तरमा संचालन हुने गरेका सिंचाई, सडक, विद्युत, खानेपानी, शिक्षा, स्वास्थ्य, पर्यटन लगायतका कार्यक्रमहरु तीब्र गतिका साथ अघि बढाइने ।

(ग) स्थानीय जनता र सरकारको लागत सहभागितामा ग्रामीण विद्युतीकरण, कुलो, बाटो, स्कुल, स्वास्थ्य चौकी लगायतका साना र मझौला पूर्वाधार निर्माण कार्य अभियानको रूपमा संचालन गर्ने ।

(घ) स्थानीय विकास मन्त्रालय अन्तर्गत विगत बर्षहरुमा जनसहभागितामा निर्माणाधीन केन्द्रिय स्तरका सडकहरुलाई अगाडि बढाउने ।

(ङ) अझै पनि नगरपालिका नभैसकेका जिल्ला सदरमुकामलाई नगरपालिका बनाउन सहयोग गर्ने ।

(च) नेपाल गाउँ नै गाउँ मिलेर बनेको मुलुक भएकोले "गाउँलाई माया गरौं" भन्ने मूल नाराका साथ मोटर चल्ने सडक, खानेपानी, विद्युत्, टेलिफोन, माध्यमिक विद्यालय, अनौपचारिक शिक्षा, स्वास्थ्य चौकी, सामुदायिक स्वास्थ्य वीमा, महिला विकास, विद्युत्, टेलिफोन, सहकारी खेती र पशुपालन प्रणाली, मलखाद विउविजन सहितको कृषि र पशु प्राविधिक सेवा, वजारस्थल, सुपथ मूल्य सहकारी पसल, ग्रामीण औद्योगिक क्षेत्र, वन वाटिका, प्रत्येक वडामा एक सामुदायिक भवन, पुस्तकालय र खेल मैदान, अधिकृत तहका गाउँ विकास सचिव, प्रहरी निरीक्षकसहितको प्रहरी चौकी रहने गरी प्रत्येक जिल्लामा कम्तिमा एक वटा नमूना गाउँ खडा गर्ने ।

## १५. उर्जा

(क) विद्यमान ऊर्जा संकट समाधानकालागि हालै घोषित उर्जा संकट निवारण कार्यक्रमलाई प्राथमिकताका साथ प्रभावकारी कार्यान्वयन गर्ने ।

(ख) उर्जा संकट निवारण कार्यक्रममा उल्लेख भए बमोजिम एक मेगावाट भन्दा घटीको लघु जलविद्युत आयोजना संचालन गर्ने सहकारीलाई प्रस्ताव गरिएको सहुलियत र सुविधाको भरपुर उपयोग गर्न सहकारी संस्थालाई प्रोत्साहन गर्ने । साथै, गाउँस्तरबाट उर्जा संकट समाधान गर्न आह्वान गर्ने ।

(ग) मध्य र दीर्घकालीन हिसावले विद्युत समस्या हल गर्न तत्काल केही लघु, मझौला र ठुला विद्युत परियोजनाहरू शुरु गरिने । नौस्यालगाड परियोजनाको तत्कालै वातावरणीय सर्वेक्षण कार्य सम्पन्न गरी निर्माणकार्य अघि बढाउने ।

(घ) ६०० मेगावाटको जलाशययुक्त बुढी गण्डकी आयोजना र १०० मेगावाटको जलाशय युक्त इन्द्रावती आयोजनाको सम्भाव्यता अध्ययन गरी कार्यान्वयन प्रारम्भ गरिनेछ ।

(ङ) लोडसेडिङ्गको अवस्था अत्यन्त गम्भीर भएकोले सरकारले उर्जा संकटकाल घोषणा गरिसकेको सन्दर्भमा वर्तमान स्थितिमा सुधार नआएसम्म नेपालमा उत्पादित जलविद्युत स्वदेश भित्रै खपत गर्ने व्यवस्था मिलाउने ।

(च) नेपालको अन्तरिम संविधान व्यवस्था गरे अनुसार जल लगायतका सम्पूर्ण प्राकृतिक स्रोतसाधनको सम्वन्धमा कुनै पनि नयाँ व्यवस्था गर्दा व्यवस्थापिका–संसदको दुई तिहाई बहुमतको व्यवस्थालाई कडाईका साथ पालना गर्ने ।

१६. **साहित्य र संस्कृतिको जगेर्ना**

(क) महाकवि लक्ष्मी प्रसाद देवकोटाको स्मृतिमा साहित्य, कला लगायतका विविध फाँटमा योगदान पुऱ्याउने ५ जनालाई प्रत्येक वर्ष रु. १ लाखको दरले पुरस्कार प्रदान गर्ने ।

(ख) मैथिली साहित्यका महाकवि विद्यापतिको नाममा निर्माणाधीन विद्यापति मैथिली सांस्कृतिक भवन निर्माण पूरा गर्न अनुदान प्रदान गर्ने ।

(ग) किरात धर्म र संस्कृतिका अनुसन्धाता धर्मगुरु फाल्गुणानन्दको संझनामा विविध कार्यक्रम गर्न अक्षयकोषको ब्यवस्था गर्ने ।

(घ) विभिन्न मठ मन्दिर, गुम्वा, मस्जिद र चर्चको संरक्षण र सम्वर्द्धनका लागि सहयोग गर्ने ।

(ङ) युगकवि सिद्धिचरण श्रेष्ठ, साहित्यकार भीमनिधी तिवारीको शत वार्षिकी कार्यक्रम सञ्चालन गर्न र अप्रकाशित कृतिहरु मुद्रण गर्न सम्वन्धित संस्थालाई सहयोग पुऱ्याउने ।

(च) साहित्यकार भवानी भिक्षुको स्मृतिमा अक्षयकोष खडा गर्ने । कवि गोकुल जोशीको प्रकाशित र अप्रकाशित कृति प्रकाशन गर्न सहयोग गर्ने ।

(छ) भूतपूर्व प्रधानमन्त्री श्री गिरिजाप्रसाद कोइरालाको स्मृतिमा विशेष निर्माण कार्यका लागि जि.पि.फाउण्डेसनलाई पुँजीगत अनुदान उपलव्ध गराउने ।

(ज) नारदमुनी थुलुङको सम्झनामा वहाँको जन्मथलोमा सालिक निर्माण गर्ने ।

(झ) नेपाल प्रज्ञा प्रतिष्ठान, नेपाल ललितकला प्रज्ञा प्रतिष्ठान र नेपाल संगित नाट्य प्रज्ञा प्रतिष्ठानको भवन निर्माण लगायतका भौतिक पूर्वाधार विकासमा सहयोग गर्ने ।

(ञ) जदुकुवा, ढुंगेसाँघु, पिस्कर, सुखानी, छिन्ताङ्ग, होलेरी र सिस्नेजलजला जस्ता गणतन्त्र स्थापनाकालागि उच्च

योगदान पुऱ्याउने ठाँउहरुको विकासकालागि विशेष कार्यक्रम संचालन गर्ने ।

(ट) प्रगतिशील कवी कृष्णसेन प्रतिष्ठानकोलागि भौतिक पूर्वाधार निर्माण गर्न सहयोग गर्ने ।

(ठ) ललितपुरको बाँडेगाँउ स्थित पूर्व प्रधानमन्त्री स्वर्गीय श्री कृष्णप्रसाद भट्टराईको आश्रमलाई "सन्तनेता कृष्णप्रसाद भट्टराई प्रतिष्ठान" को रुपमा विकसित गर्ने ।

(ड) नेपालमा गणतन्त्र स्थापनाको आन्दोलनलाई चीरकालसम्म अविश्मरणीय बनाउन विगतको इतिहास झल्काउने, वर्तमान राजनैतिक परिवर्तनको अनुभूति दिलाउने र भविष्यको समृद्ध नेपालको रुपरेखा देखिने गरी काठमाडौं उपत्यकामा गणतन्त्र स्मारक (मनुमेन्ट) निर्माण गर्ने ।

## १७. सूचना तथा सञ्चार

(क) नेपालका सबै सञ्चारकर्मीहरुको क्षमता अभिबृद्धि गर्न आधुनिक सुविधा युक्त संचार प्रतिष्ठान स्थापना गर्ने ।

(ख) हुलाक सेवालाई प्रविधिमा आएको परिवर्तन अनुकुल विविधिकरण गरी एउटा आत्मनिर्भर एवं ब्यवसायीक सेवाको रुपमा विकास गर्ने कार्यको थालनी गर्ने । सो सम्बन्धी कानूनी एवं संस्थागत संरचना सिफारिस गर्न सम्बन्धित विशेषज्ञहरु समावेश भएको कार्यदल गठन गर्ने ।

(ग) दूरसंचार, रेडियो तथा टेलिभिजन प्रसारण, इन्टरनेट सेवा वा केबुल वितरणकालागि सबैले छुट्टाछुट्टै पूर्वाधार निर्माण गर्ने वर्तमान प्रचलनले यस सेवालाई खर्चिलो बनाएको छ । यसलाई मितब्ययी एवं सर्वसुलभ बनाउन दूरसंचार वा प्रशारण प्रविधिको अधिकत्तम उपलब्धि हुने गरी यस्ता सेवा प्रदायकहरुले एक आपसमा पूर्वाधारको संयुक्त उपभोग गर्न सक्ने गरी नीतिगत ब्यवस्था गर्ने ।

(घ) नेपालमै सुरक्षण मुद्रण सेवा उपलब्ध गराउन आवश्यक कानूनको तर्जूमा र साधनको व्यवस्था गर्ने ।

१८. **सुशासन प्रवर्द्धन गर्ने**

(क) दण्डहीनताको अन्त्य गर्दै जनताको जिउ धनको सुरक्षाको प्रत्याभूति दिलाउने ।

(ख) मुलुकमा सुशासनको प्रत्याभूति प्रदान गर्न सार्वजनिक सेवा प्रवाहलाई चुस्त र दुरुस्त तुल्याउने ।

(ग) भ्रष्टाचार विरुद्धको रणनीतिलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने ।

(घ) साधन स्रोतको दुरूपयोग रोक्न विद्यमान संस्थागत व्यवस्थालाई प्रभावकारी बनाउने । सम्बन्धित सरोकारबाला र नागरिक समाज मार्फत गुनासो लिने र छानविन गरी अविलम्ब कार्यवाही गर्ने परिपाटी सुदृढ गर्ने ।

१९. **पूँजिगत खर्च बृद्धि गर्ने र सार्वजनिक खर्चमा प्रभावकारीता ल्याउने**

(क) सार्वजनिक साधन स्रोतको दुरूपयोग नियन्त्रण, ढिलासुस्तीको अन्त्य र तत्काल प्रतिफल दिने गरी सार्वजनिक खर्च व्यवस्थापनलाई चुस्त दुरुस्त बनाउने ।

(ख) सडक, पुल, भवन लगायत सार्वजनिक निर्माणको गुणस्तर कायम राख्न विशेष जोड दिने । यस सम्बन्धि प्रचलित कानून र सम्झौताहरुको कडाईका साथ पालन गराउन अनुगमन व्यवस्थालाई प्रभावकारी बनाउने ।

(ग) अनुत्पादक खर्चलाई निरुत्साहित गर्दै कूल बजेटमा पुँजीगत बजेटको अंश क्रमशः बढाउँदै लाने । जलस्रोत र पूर्वाधार विकासमा सरकारी लगानी बढाउदै जाने ।

(घ) कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयनका लागि पारदर्शीता र जवाफदेहिताको परिपाटी सुदृढ गर्ने ।

(ङ) स्थानीय तहमा कार्यान्वयन हुने घोषित कार्यक्रमहरूबारे सरोकारवालाहरू लाई सूचित गर्ने । उपभोक्ता समिति/सहकारी मार्फत कार्यान्वयन गर्ने कार्यक्रमको हकमा सार्वजनिक लेखा परीक्षण गर्ने व्यवस्था मिलाउने ।

(च) सबै राजनैतिक दलहरुसंग सहमति गरी प्रत्येक वर्ष बजेट प्रस्तुत गर्ने निश्चित मिति तोक्ने ।

(छ) बैदेशिक सहायताको प्रभावकारिता अभिबृद्धि गर्ने । जुनसुकै अन्तर्राष्ट्रिय गैरसरकारी संस्था, द्विपक्षीय वा बहुपक्षीय निकायबाट नेपालमा आउने सबै सहयोगलाई बजेटको माध्यमबाट मात्र परिचालन गर्ने परीपाटी सुनिश्चित गर्ने ।

(ज) विकास आयोजनाहरुको नतिजामूलक अनुगमन तथा मुल्यांकन प्रणालीलाई सुदृढ गर्ने ।